बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय धादिङ

प.सं. २०८०।०८१
च.नं.

फोन नं. ०१०–५२०१२५

## वन पैदावार (काठ) लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

## प्रथम पटक प्रकाशित मिति २०८१/०४/१६

यस डिभिजन वन कार्यालय धादिङ अन्तर्गत विभिन्न सरकारी कार्यालय, सार्वजनिक स्थल, विभिन्न स्थानबाट व्यवारिसे काठ तथा कवुलियती वन बाट कटान को कार्यालय परिसरमा घाटगद्दी रहेका विभिन्न लट नं. [illegible] को वन पैदावार (काठ) हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं. (PAN) मा दर्ता भई डिभिजन वन कार्यालयमा सूचिकृत भएका ईच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र, जिल्ला प्रशासन कार्यालय धादिङ वा यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२.०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

### तपसिल वन पैदावारको विवरण

| लट नं. | विवरण | जात | किसिम | थान | ग्रेड | परिमाण (क्यु.फि.) | न्यूनतम मूल्य रू. | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| १/ २०८१/०८२ | जिल्ला प्रहरी कार्यालय, धादिङको कार्यालय परिसरमा रहेको रूखहरूबाट उत्पादित गोलिया काठहरू | सिसौ | गोलिया | १५ | B | ६२.१७ | ३४,५००।- | जिल्ला दररेट अनुसार |
| | | दाउरा (चट्टा) | | | | ०.२५ | | |
| २/ २०८१/०८२ | कृषि विकास कार्यालयको परिसरमा रहेको रूखबाट उत्पादित काठ दाउरा | ऑप | गोलिया | ९ | - | ६२.०० | १२,४००।- | |
| ३/ २०८१/०८२ | गंगाजमुना गा. पा. वडा नं. ५ मा रहेको झोलुगे पुल निर्माण गर्दा उत्पादित साल प्रजातिको गोलिया काठ | साल | गोलिया | १ | A | ११.०० | ५७,०००।- | |
| | | साल | गोलिया | ५ | B | ३८.४८ | | |
| | | साल | गोलिया | ३ | C | १३.३६ | | |
| | | जम्मा | | ९ | | ६२.८४ | | |
| ०४/२०८१/०८२ | डिभिजन वन कार्यालयबाट विभिन्न मितिमा व्यावरिसे अवस्थामा फेला परेको विभिन्न काठहरू | साल | गोलिया | २ | B | ७.४४ | १९३५००।- | |
| | | साल | गोलिया | ४ | C | ११.४६ | | |
| | | साल | गोलिया | ६ | D | ४.६५ | | |
| | | क्यामुना | गोलिया | १ | - | ३.९६ | | |
| | | खयर स्याप उड सहित | | ५० | - | १६४.७६ | | |
| | | फडिल | | १२ | - | १३५.६६ | | |
| | | जम्मा | | ७५ | - | ३९३.२७ | | |

Scanned with CamScanner

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय धादिङ

प.सं. २०८०।०८१
च.नं.

फोन नं. ०१०-५२०१२५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ०५/२०८१/०८२ | चिसापानी कवुलियती वनबाट उत्पादन भएका काठ/दाउरा | साल | गोलिया | १० | A | २०८.२३ | ४,९०,०००।- | |
| | | साल | गोलिया | १ | B | ८.२३ | | |
| | | साल | गोलिया | ६८ | C | २१८.७७ | | |
| | | साल | गोलिया | ११ | D | १९.४८ | | |
| | | सिसौ | गोलिया | २ | A | २८.३६ | | |
| | | सिसौ | गोलिया | ९ | B | ३८.३५ | | |
| | | चिलाउने | गोलिया | १९ | - | ८९.४९ | | |
| | | फडिल | गोलिया | ३६ | - | १७७.५५ | | |
| | | जम्मा | | १५६ | | ७८८.४८ | | |
| | | दाउरा(चट्टा | | | | १.८५ | | |
| ०६/२०८१/०८२ | नं. ६ वाहिनी अड्डा, बैरेनी व्यारेकमा रहेको जोखिमयुक्त रूखहरूको काठ | खयर स्यापउड सहित | गोलिया | १२१ | - | ८२.२७ | ८२८००।- | |

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः २०८१।०५।०४ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८०।०५।०५ गते मध्यान्ह १२.०० बजे सम्म । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन । बोलपत्र खोलिने मिति २०८१।०५।०५ गते यस कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी प्रकाशन गरिने छ ।

४. निर्धारित गरिएको न्यूनतम संख्याका र रित पूर्वक पर्न आएका बोलपत्रहरु सूचनामा तोकिएको मितिमा बोलपत्रदाताहरू समेतको रोहवरमा खोलिने छ तर बोलपत्रदाता उपस्थित नभएकै कारणबाट बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र फारमको लागि रू एक लाख भन्दा कमको लागि प्रति लट रू ३०० र रु एकलाख देखि दश लाखसम्म न्यूनतम मूल्यको लटका लागि रु १०००।- (पछि फिर्ता नहुने) कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश इकाई कार्यालय धादिङको नाममा राष्ट्रिय वाणिज्य वैंक धादिङ शाखामा रहेको राजस्व शिर्षक नं. १४२२९ खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३२९०१३००१३ मा जम्मा गरेको सक्कलै भौचर संलग्न राखी जिल्ला प्रशासन कार्यालय धादिङ र यस कार्यालयबाट खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्नका लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरिनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. बोलपत्र साथ कवुल गरेको रकमको १०% ले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश इकाई कार्यालय धादिङको नाममा राष्ट्रिय वाणिज्य वैंक धादिङ शाखामा रहेको एकल धरौटी खाता हिसाव नं. १०३०१००२०२०३०००० (कार्यालय कोड नं. ३२९०१३००१३) मा जम्मा गरेको सक्कलै भौचर वा छ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनु पर्नेछ ।

७. लिलाम वढावढ हुने वन पैदावार कार्यालय खुलेको समयमा डिभिजन वन कार्यालय धादिङको कार्यालयमा सम्पर्क गरी घाटगद्दी स्थलमा हेर्न सकिने छ ।

Scanned with CamScanner

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय धादिङ

प.सं. २०८०।०८१
च.नं.

फोन नं. ०१०-५२०१२५

८. लिलाममा भाग लिनका लागि वन पैदावार कारोबार गर्ने उद्देश्यले दर्ता भएका ईच्छुक संघ संस्था, फर्म वा कम्पनीले उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको अंक र अक्षर दुबैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१०. जिल्ला प्रशासन कार्यालय धादिङमा दर्ता भएका शिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्याका र रितपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

११. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गर्नु पर्नेछ र बेग्ला बेग्लै दाखिला गर्नु पर्नेछ । खाम बाहिर प्रष्ट रूपमा लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

१२. लिलाम स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ । सो को जानकारी लिनु पर्ने दायित्व बोलपत्रदाताको हुनेछ । बोलपत्र स्वकृित भएको सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र सकार गरेको रकम, निर्धारित मू.अ.कर , अग्रिम आयकर तथा संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्रमा उठाई जानु पर्नेछ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय डिभिजन वन कार्यालय धादिङको हुनेछ । अन्य बिषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र वन नियमावली २०७९ मा उल्लेखित व्यवस्था पूर्ण रुपमा लागू हुनेछ ।

१५. सकारकर्ताले रकम दाखिला गरेपछि कार्यालयबाट लिलाम गरेको काठ बिमार्का गरी २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिने छ ।

१६. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वतः अमान्य हुनेछ ।

२०८१।०४।१८

निमित्त डिभिजनल वन अधिकृत

Scanned with CamScanner